नेपाली राजदूतावास
EMBASSY OF NEPAL
Barakhamba Road, New Delhi-110001
Tel. : 23327361/23329218 Fax : 23326857

## COVID-19 सम्बन्धी अपिल

विश्वभर महामारीको रुपमा फैलिरहेको COVID-19 को सन्दर्भमा नेपाल सरकारले नेपालभर लगाएको lockdown कायम रहेको छ । साथै, नेपालको अन्तर्राष्ट्रिय सिमानाकाहरू समेत बन्द रहेको अवस्था छ ।

यस पृष्ठभूमिमा आफू र आफ्नो परिवारको सुरक्षाको लागि जुनसुकै उद्देश्यले भारत आई यतै रहनुभएका सम्पूर्ण नेपालीहरू जो जहाँ हुनुहुन्छ त्यहीं धैर्यसाथ बसिदिनुहुन नेपाली राजदूतावास, नयाँ दिल्ली हार्दिक अपिल गर्दछ । सिमा नाका बन्द रहेकोले कसैको भ्रामक सूचनाको पछि लागी नेपाल जाने प्रयास नगर्नु हुन र आधिकारिक सूचनामा मात्र विश्वास गर्नुहुन समेत यस राजदूतावास अनुरोध गर्दछ ।

अन्त्यमा, भारतमा रहँदा नेपालीहरूले हाल भोग्नु परेका समस्याहरूसँग यस राजदूतावास जानकार रहेको र समाधानका लागि दूतावासबाट प्रयास भैरहेको ब्यहोरा समेत अनुरोध गरिन्छ । आपत परेको अवस्थामा दूतावासको हटलाइन नम्बरहरू ८९२९६०१९२५, ०११-२३४७६२०० र ०११-२३३२७३६१ मा फोन गर्नुहुन अनुरोध गरिन्छ ।

नेपाली राजदूतावास
नयाँ दिल्ली

२०७७ बैशाख २२

नेपाली राजदूतावास
नयाँदिल्ली